नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

## नेकपा (एमाले) केन्द्रीय प्रचार तथा प्रकाशन विभागद्वारा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रेषित प्रेस वक्तव्य

१. २०८० साल साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भन्सार कार्यालयको कम्पाउण्ड बाहिर राजस्व अनुसन्धान विभागद्वारा बरामद गरिएको १०० केजीभन्दा बढी सुन प्रकरणले सिङ्गो राष्ट्रलाई तरङ्गित बनाएको छ । नेपाल सरकारका दर्जनौं निकायहरू कार्यरत रहेको र सुरक्षा निकायका पनि अनेकौं इकाइहरू क्रियाशील रहने अन्तरराष्ट्रिय विमानस्थलबाट यति ठूलो परिमाणमा भएको सुन तस्करीले अन्तर्राष्ट्रिय जगत मा सिङ्गो राष्ट्रको छविलाई धुमिल तुल्याएको छ र विमानस्थलको सुरक्षा प्रबन्धको विश्वसनीयतामाथि गंभीर प्रश्नचिह्न खडा गरेको छ । यस्तै प्रकृतिको सुन तस्करी गतः वैशाखदेखि पटक–पटक हुने गरेको र यस सिलसिलामा ९०० केजीभन्दा बढी सुन बाहिरिएको तथ्यले हाम्रो पार्टीलाई चिन्तित र आक्रोशित तुल्याएको छ । यस विषयमा सार्वभौम संसदका दुबै सदन, विभिन्न सञ्चारमाध्यम र सिङ्गो समाजमा गंभीर वहस भइरहेको छ ।

२. नेपाल सरकारको सर्वाधिक कडा सुरक्षा प्रबन्ध रहेको भनिने अन्तर्राष्ट्रिय विमानस्थलबाट यति ठूलो परिमाणमा सुन तस्करी हुनु र त्यो पनि बारम्बार हुनु, राजनीतिक र प्रशासनिक संरक्षण, मिलिमतो र सङ्लग्नताबिना हुन संभवै छैन भन्ने कुरा जो कसैले पनि सहजै अनुमान गर्न सक्छ । विभिन्न सञ्चारमाध्यममा सन्दिग्ध तस्करहरूको सत्तारूढ दलका विभिन्न नेताहरूसँगको अन्तरङ्ग बसाउठी, फोन सम्पर्क र भेटघाटका समाचारहरू सार्वजनिक भइरहेका छन् । अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत उच्च पदस्थ प्रशासनिक र सुरक्षा अधिकारीहरूले एकैसाथ विदा लिनु, अध्यागमन र भन्सारका गतिविधिको नियमित अनुगमन गर्न मिल्ने गरी अर्थ र गृह मन्त्रालयमा जोडिएका क्लोज सर्किट क्यामराहरूको कनेक्सन शङ्कास्पद ढङ्गले विच्छेद गरिनु, एक्सरे मेसिन र मेटल डिटेक्टरबाट शङ्कास्पद लागेर पटक–पटक रिचेकको सङ्केत गर्दा पनि पुनः परीक्षण नगरिनु तथा घटना बाहिर आउनासाथ विषयान्तर गर्ने गरी सत्ता निकट व्यक्तिहरूले विभिन्न कुप्रचारहरू गर्नुलाई संयोग मात्र मान्न सकिने स्थिति छैन । यो सत्ता संरक्षित सुनियोजित गैरकानुनी र आपराधिक क्रियाकलाप हो भन्नेमा हाम्रो पार्टी स्पष्ट छ ।

३. सत्ताकै संरक्षण रहेको प्रकरण भएको हुनाले र यस्ता घटना बारम्बार दोहोरिरहेको चिन्ताजनक अवस्थाका कारण यसकै गहिराइमै पुगेर छानबिन गर्नु अनिवार्य भइसकेको छ । हाम्रो पार्टीले यस विषयमा सदन र सदन बाहिरबाट पनि सरकारको बारम्बार ध्यानाकर्षण गराइरहेको छ । गृह र अर्थ मन्त्रालय लगायतको उच्च प्रशासनिक र राजनीतिक नेतृत्व जोडिएको यो विषय गृह

मातहतका निकायहरूबाट निष्पक्ष, भयरहित वातावरणमा, बिना दबाब र प्रभाव विषयको गहिराइमा पुगेर हुन सक्दैन भन्नेमा हाम्रो पार्टी स्पष्ट छ । यो यथार्थ त ई- सिगरेट (Vapes) भित्र लुकाएर तस्करी गरिएको ९ केजी सुन प्रकरणमा प्रत्यक्ष जोडिएका सत्तारूढ पार्टीका नेता र निजका परिवारका सदस्यलाई सामान्य सोधपुछ सम्म पनि नगरिएको तथ्यबाटै पुष्टि भइसकेको छ । त्यसैगरी ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा लैजान मन्त्रिपरिषद्बाट निर्णय गराउन मुख्य भूमिका खेल्ने व्यक्तिहरूलाई अदालतको निर्देशनात्मक आदेश हुँदा पनि आजका मितिसम्म सामान्य वयानसम्म गराउन नसक्ने क्रियाकलापबाटै यो कुरा थप स्पष्ट हुन्छ । त्यसैले हामी यस प्रकरणको सत्यतथ्यको गहिराइमै पुगेर अन्वेषण गर्न, बिना दबाब र प्रभाव सत्यतथ्य बाहिर ल्याउन, दोषीहरूलाई कडा कारबाही गर्न र यस्ता घटना भविष्यमा नदोहोरियून् भन्ने कुराका लागि आवश्यक नीतिगत, कानुनी र संरचनागत प्रबन्धका लागि उच्च स्तरीय छानवीन समिति बन्नुपर्छ भनेर हामीले निरन्तर दबाब दिँदै आएका छौं । यो सदनमा स्वयं सत्तारूढ दलकै सदस्यहरू, विभिन्न राजनीतिक दलहरू र आम नागरिकहरूबाट समेत बारम्बार उठाइएको विषय हो ।

४. तर 'चोरको खुट्टा काट' भन्दा खुट्टा उचालेजस्तै सरकार स्वतन्त्र, निष्पक्ष उच्चस्तरीय न्यायिक छानविन समितिको माग सुन्नासाथ तर्सिने र त्यस्तो समिति गठन गर्न नहुने अनुचित अडान लिएर सदनको कारबाहीलाई अगाडि बढ्न बाधा सिर्जना गरिरहेको छ । सरकारको अनुचित अडानले यस विषयमा सरकार र सत्ताधारी नेतृत्वको सङ्लग्नताको आशङ्कालाई थप पुष्टि गर्ने काम गरिरहेको छ । यो माग पूरा नहुँदासम्म निरन्तर दबाबका कार्यक्रमहरू सञ्चालन गर्ने पार्टीको स्पष्ट अडान रहेको कुरा दोहोऱ्याउन चाहन्छौं ।

५. वर्तमान गठबन्धनको सरकार बनेसँगै मुलुकमा राजनीतिक विकृति, संवैधानिक प्रावधानहरूमाथिको हस्तक्षेप, आर्थिक सङ्कट, मुलुकको आन्तरिक मामलामा वाह्य हस्तक्षेप र समाजमा अराजकता झनै सघन बन्दै गएको छ । २०७४ माघमा यस्तै प्रकृतिको गठबन्धन रहेको बेला भएको ३३ किलो सुन तस्करी प्रकरणलाई हामीले सरकारमा रहँदा उच्च स्तरीय छानबिन गरेर मुख्य अपराधीहरूलाई कानुनको कठघरामा ल्याएका थियौं । अहिले यस सरकारको संरक्षणमा यस्ता धन्धाहरू फेरि मौलाउन थालेका छन् । निश्चित व्यवसायीहरूका स्वार्थमा र उनीहरूकै व्यक्तिको अवैध उपस्थितिमा करका दरहरू हेरफेर गर्ने, ठूला ठेक्कापट्टा लगायत राज्यका साधनस्रोतहरू निश्चित व्यवसायीहरूको स्वार्थमा दोहन गर्न छुट दिने, विदेशबाट अवैध रूपमा भित्रिएको धनलाई सेतो तुल्याउन राष्ट्र ब्याङ्कलाई दबाब दिने लगायतका कामहरूले मुलुकको वित्तीय

छवि अन्तर्राष्ट्रिय जगतमा धमिलिएको छ । दातृ निकाय र राष्ट्रहरूको विश्वासमा कमी आएको छ । यी र यस्तै कारणले मुलुकमा आर्थिक सङ्कट गहिरिँदै गएको छ । व्यवसायीहरू हताश छन् । सिङ्गो समाजमा नैराश्य बढिरहेको छ । तर यी विषयहरूलाई गंभीरतापूर्वक लिँदै समाधानका लागि आवश्यक कदम चाल्नुको साटो सरकार विपक्षीहरूप्रति प्रतिशोध साध्ने, कुप्रचार गर्ने र अपराधहरूलाई ढाकछोप गर्ने बाटोमा उद्यत् छ ।

६. नेकपा (एमाले) सुशासन, विकास, समृद्धि र समानताका लागि निरन्तर क्रियाशील जिम्मेवार राजनीतिक पार्टी हो । राष्ट्रिय हित, स्वाधीनता र स्वाभिमानको रक्षाका लागि हामी सरकारमा हुँदा होस् या बाहिर, अथक ढङ्गले क्रियाशील छौं । चौतर्फी घेराबन्दी, सत्ता- संरक्षित भौतिक र राजनीतिक आक्रमण र कुप्रचारलाई चिर्दै पार्टी देश र जनताको हितमा अनवरत लागिरहेको छ । हामी पछिल्लो सुन प्रकरण लगायत चर्चामा रहेका सबै भ्रष्टाचार, अनियमितता र घोटालाहरूको निष्पक्ष र गहिरो छानबिन हुनु पर्छ, भ्रष्टाचार, तस्करी र राज्यको साधनस्रोतको दोहन गर्ने लगायतका अपराधीहरूलाई कानुनको कठघरामा उभ्याइनु पर्छ भन्नेमा स्पष्ट छौं र यसका लागि निरन्तर प्रयत्नशील छौं । घटनाक्रमले स्पष्ट पारेको छ– वर्तमान सरकार राष्ट्रिय हितको रक्षा गर्न पूर्णतः असफल भएको छ । सत्ता टिकाउनका लागि जस्तासुकै शक्तिसँग जस्तासुकै सम्झौता गर्न तयार हुने यो सरकारले आगामी दिनमा मुलुकलाई झनै जोखिमतिर धकेल्ने संभावना टड्कारो छ । सरकार आफ्ना क्षुद्र स्वार्थका लागि संविधानको मर्ममाथि कुल्चिन तयार छ भन्ने कुरा कोशी प्रदेशमा सभामुख पदको गरिमालाई कुल्चिदै गरिएको हरकत, पटक-पटक सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको पद रिक्त राख्ने, कामुको भरमा चलाउने र सर्वोच्च लगायत विभिन्न अदालतमा न्यायाधीशहरू रिक्त राख्ने काम तथा स्वतन्त्र संस्थाहरूमाथि गरिएको नाङ्गो हस्तक्षेपले स्पष्ट पारेको छ । त्यसै गरी यो सरकारका नीति र कृत्यहरूका कारण मुलुकमा आगामी दिनमा झनै आर्थिक सङ्कट गहिरिने, व्यवसायिक वातावरण बिथोलिँदै जाने र जनता झनै समस्याग्रस्त बन्दै जाने स्थिति छ । समाजमा जातीय र साम्प्रदायिक सद्भाव विकसित गर्दै लैजानु पर्नेमा प्रधानमन्त्री स्वयं जातीय अतिवादलाई प्रश्रय दिन, अतिवादीहरूले विपक्षी दलका नेता कार्यकर्तामाथि गरेको साङ्घातिक हमलालाई संरक्षण गर्न र प्रोत्साहन गर्न सङ्लग्न भएको स्पष्ट देखिएको छ । वर्तमान सरकारका यी जनविरोधी, राष्ट्रविरोधी क्रियाकलापको आ–आफ्नो ठाउँबाट सशक्त विरोध गर्न पार्टी सम्बद्ध सबै समक्ष हार्दिक आह्वान गर्दछ ।

- २८ साउन २०८०